**मिति २०८२/३/४ गतेको नगरकार्यपालिका बैठकका प्रस्तावहरु**

१. आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रम सम्बन्धमा ।
२. आर्थिक विधेयक, २०८२ सम्बन्धमा ।
३. विनियोजन ऐन, २०८१ पहिलो संसोधन सम्बन्धमा ।
४. विनियोजन विधेयक, २०८२ सम्बन्धमा ।
५. आ.व. २०८२/०८३ को बजेट सम्बन्धमा ।
६. अपाङ्गता अधिकार विधेयक, २०८२ सम्बन्धमा ।
७. लैससास नीति, २०८२ सम्बन्धमा ।
८. न्यायीक समितिको प्रतिवेदन सम्बन्धमा ।
९. मध्यमकालिन खर्च संरचना सम्बन्धमा ।
१०. आ.व. २०८०/०८१ को लेखापरिक्षण प्रतिवेदन सम्बन्धमा ।
११. आर्थिक सहायता सम्बन्धमा ।
१२. विविध सम्बन्धामा ।

**निर्णयहरु**

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा आर्थिक वर्ष २०८२/०८३ को नीति कार्यक्रमका सन्दर्भमा छलफल भयो । नगर प्रमुखबाट तयार भई आजको बैठकमा पेश भएको नीति तथा कार्यक्रम नगरसभाको सत्रौं अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस नगरपालिकाको आर्थिक विधेयक, २०८२ नगरसभाको सत्रौं अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस नगरपालिकाको विनियोजन ऐन, २०८१ पहिलो संसोधन नगरसभाको सत्रौं अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस नगरपालिकाको विनियोजन विधेयक, २०८२ नगरसभाको सत्रौं अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को योजना, कार्यक्रम तथा बजेट नगरसभाको सत्रौं अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस नगरपालिकाको अपाङ्गता अधिकार विधेयक, २०८२ नगरसभाको सत्रौं अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

शितगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ठाडा, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण ( लैससास) नीति नगरसभाको सत्रौं अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा आ.व. २०८१/०८२ मा हाल सम्म न्यायीक समितिबाट सम्पादन गरिएको कार्यहरुको सन्दर्भमा पेश भएको न्यायीक समिति प्रतिवेदन नगरसभाको सत्रौं अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ देखि २०८४/०८५ को मध्यमकालिन खर्च संरचना स्वीकृतीको लागि नगरसभाको सत्रौं अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

प्रस्ताव नं. १० माथि छलफल गर्दा आर्थिक वर्ष २०८०/०८१ को लेखापरिक्षण प्रतिवेदन आजको बैठकमा पेश भई छलफल भयो । प्रतिवेदनमा औल्याईएका वेरुजुहरु फर्छ्यौट गर्ने र आगामी दिनमा वेरुजु नहुने गरी कार्य गर्ने व्यवस्था मिलाउने । साथै मलेप प्रतिवेदन नगरसभाको सत्रौं अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११**

प्रस्ताव नं. ११ माथि छलफल गर्दा यस नगरपालिकाका विभिन्न वडामा विभिन्न घटना तथा रोगलागी उपचार गराउन आर्थिक समस्या भएका व्यक्तिहरुलाई शितगंगा नगरपालिकाको विपद कोष व्यवस्थापन तथा आर्थिक सहयोग कार्यविधि २०७९ र मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदन्ड पक्षघातका विरामीलाई औषधी उपचार वापत खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७८ वमोजिम नबाझिने गरी आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

**तपशिल**

१. शिनपा ७ निवासी नारायण बहादुर पुलामीको श्रीमती गंगा पुलामीको मानसिक समस्या भई उपचारमा आर्थिक अवस्थाको कारण समस्या भएकोले रु २५०००।- आर्थिक सहयोग प्रदान गर्ने । (औषधी उपचार सहयोग)
२. शिनपा १२ निवासी कोपिला पौडेलको छोरा मुकेश पौडेलको शारिरीक अपाङ्गताको कारण समस्या भई उपचारमा आर्थिक अवस्थाले समस्या भएकोले रु २५०००।- आर्थिक सहयोग प्रदान गर्ने । (औषधी उपचार सहयोग)
३. शिनपा ६ निवासी प्रेम बहादुर थापाको छोरी अन्जु थापाको मुटुरोग लागि उपचारमा आर्थिक अवस्थाका कारण समस्या भएकोले रु २५०००।- आर्थिक सहयोग प्रदान गर्ने । (औषधी उपचार सहयोग)

प्रमुख प्रशासकीय अधिकृत

४. शिनपा ६ निवासी निसा परियारको एपेन्डिक्स भई उपचारमा आर्थिक अवस्थाका कारण समस्या भएकोले रु २५०००।- आर्थिक सहयोग प्रदान गर्ने । (औषधी उपचार सहयोग)

५. शिनपा १२ निवासी मिना माया पुन मगरको क्यान्सर भई उपचारमा आर्थिक अवस्थाका कारण समस्या भएकोले रु २५०००।- आर्थिक सहयोग प्रदान गर्ने । (औषधी उपचार सहयोग)

६. शिनपा ३ निवासी अस्मिता पौडेलको ढाडमा (मेरुदण्ड) समस्या भई उपचारमा आर्थिक अवस्थाका कारण समस्या भएकोले रु २५०००।- आर्थिक सहयोग प्रदान गर्ने । (औषधी उपचार सहयोग)

(पूर्ण निर्णयमा भुल सुधार)

७. मिति २०८२/३/२६ को बैठकको निर्णय नं. ३ को सि नं. १० मा नाम भुलबस हुम बहादुर घर्ति हुनु पर्नेमा राम बहादुर घर्ति हुन गएकोले सो लाई सुधार गरी हुम बहादुर घर्तिको नाममा उक्त उपचार सहयोग रकम प्रदान गर्ने ।

८. मिति २०८२/१/४ बैठकको निर्णय नं. ६ को सि नं. ५ मा वडा नं. ९ हुनु पर्नेमा वडा नं. १२ भएकोले सो लाई सुधार गरी वडा नं.९ कायम गरी सहयोग प्रदान गर्ने ।

**<u>निर्णय नं. १२</u>**

प्रस्ताव नं. १२ माथि छलफल गर्दा बैठकमा आएका प्रस्तावहरु माथि छलफल भई तपशिल बमोजिम गर्ने निर्णय गरियो ।

(क) नगरपालिकामा बनेको क्यान्टीन भवन मासिक रु ५ हजार भाडा कायम गरी सूचना प्रकाशन मार्फत संचालनको व्यवस्था मिलाउने ।

(ख) यस नगरपालिकामा कार्यरत स्थायी अमिन गोकर्ण जैसी जुनियर नापि तालिममा छनौट हुनु भएकोले निजलाई नियमानुसारको विदा दिने ।

आजको बैठक सर्वसम्मत निर्णय गर्दै सम्पन गरियो ।

प्रमुख प्रशासकीय अधिकृत